# महालेखा परीक्षकको कार्यालय

## अनामनगर, काठमाडौं

# बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७८/११/१४ (२६/०२/२०२२)

यस कार्यालयका लागि आर्थिक वर्ष २०७८।७९ मा आवश्यक पर्ने तपशिल अनुसारको डेस्कटप कम्प्यूटर बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट उल्लिखित कार्य गर्ने इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका स्थायी लेखा नम्बर प्राप्त गरेका र कर चुक्ता गरेका इच्छुक योग्य आपूर्तिकर्ताबाट देहायको शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्महरुले सम्बन्धित फर्महरुको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आर्थिक वर्ष २०७८।७९ को लागि नवीकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको प्रमाणपत्र, आर्थिक वर्ष २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र र फर्मसँग सम्बन्धित अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र मिति २०७८।१२।१४ गते दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी बोलपत्र पेस गर्नेको नाम, ठेगाना र फोन नम्बर उल्लेख गरी छाप लगाई सिलबन्दी लाहाछाप लगाई कामको विवरण समेत उल्लेख गरी अनामगरस्थित यस कार्यालयको व्यवस्थापन निर्देशनालय अन्तर्गत जिन्सी शाखामा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको कागजात बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

४. बोलपत्रसाथ बबरमहलस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्रको नाममा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं.१२०१२००००१००२५२४ मा तपसिलमा उल्लेख भएअनुसारको रकम दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid Bond) संलग्न गरी पेस गर्नुपर्नेछ ।

५. बोलपत्र फाराममा अंक र अक्षर दुवैमा अनिवार्य रुपमा लेख्नु पर्नेछ । अंक र अक्षरमा रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. म्याद नाघेको वा रीत नपुगेको बोलपत्रउपर कुनै कारबाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु बोलपत्र फाराममा उल्लिखित स्पेसिफिकेशन एवं शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो कार्य क्रमशः अर्को दिन हुनेछ ।

१०.बोलपत्र सम्बन्धी सूचना यस कार्यालयको Website, www.oag.gov.np मा समेत हेर्न सकिनेछ । अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा आई बुझ्न सकिनेछ ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रसम्बन्धी कागजात दस्तुर | बोलपत्र जमानत रकम | बोलपत्र बुझाउने अन्तिम दिन | बोलपत्र खोल्ने दिन |
|---|---|---|---|---|---|---|
| १ | OAGN-NCB-DC-07-2078/079 | डेस्कटप कम्प्यूटरको आपूर्ति | रु.३,०००।- | रु.८९,५००।- | २०७८/१२/१४ गते दिनको १२:०० बजे भित्र | २०७८/१२/१४ गते दिनको २:०० बजे |